# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्धारा प्रकाशित

खण्ड ६) मुसिकोट,गुल्मी,असौज १५ गते,२०७९ साल(संख्याः४

# भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी (प्रथम संसोधन )कार्यविधि,२०७९

प्रदेश नं. ५ अन्तर्गतका गाउँसभा र नगरसभाको कानुन निर्माण प्रक्रिया सम्बन्धि ऐन,२०७५ को दफा ३(१) बमोजिम मुसिकोट नगरपालिकाको नगरकार्यपालिकाले बनाएको देहाय बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी (प्रथम संसोधन )कार्यविधि,२०७९

**प्रस्तावना**

मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४, (यस पछि मूल कार्यविधि भनि नामाकरण गरिएको) लाई थप गर्न वान्छनीय भएकोले मुसिकोट नगरपालिकाको नगर सभाले मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी कार्यविधि २०७४,लाई देहाय वमोजिम संशोधन गरेको छ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "मुसिकोट नगरपालिकाको कृषि कार्यक्रम सञ्चालन तथा अनुदान सम्बन्धी( प्रथम संशोधन) कार्यविधि २०७९" रहेको छ।

**२. मूल कार्यविधिमा परिच्छेद २ को दफा ४ मा दफा** ३ का उद्देश्य पुरा गर्न नगरपालिका क्षेत्र भित्र देहायका अभियान तथा कार्यक्रमहरु संशोधन गरि थप संचालन गरिने छ।

क) माछा पालनका लागि अनुदान कार्यक्रम

ख) मौरी पालनका लागि अनुदान कार्यक्रम

ग) नर्सरी निर्माण कार्यक्रम

ध) अगुवा तथा व्यवसायिक कृषक परिचय पत्र वितरण कार्यक्रम

ङ) कृषि तालिम संचालन

च) खाद्यान्न तथा तरकारीका बिउविजन वितरण कार्यक्रम

छ) कृषि बाली संरक्षण कार्यक्रम

ज) च्याउखेती प्रर्वद्धन कार्यक्रम

झ) कुखुरा प्रर्वद्धन कार्यक्रम

ञ) बंगुरपालन कार्यक्रम

ट) माटो परीक्षण गरी माटो सुधारका लागि सामग्री/प्रविधि हस्तान्तरण कार्यक्रम

ठ) बाँदर तथा अन्य वन्यजन्तु वा प्रकोपबाट वालीवस्तुमा क्षति भएमा राहत वा क्षतिपुर्ति वितरण कार्यक्रम

ड) आफ्नै गाउँ फर्की आउँ प्रोत्साहन तथा सम्मान कार्यक्रम

ढ) पख्नोस तपाँईको लागि हामी केही गर्दैछौँ अभियान कार्यक्रम

६. कार्यक्रम संचालन कार्यविधिःदफा ५ का कृषि तथा पशुसेवा अन्तर्गतका कार्यक्रम संचालन गर्न देहायका कार्यविधि पुरा गर्नु पर्ने छ।

**क. माछा पालनका लागि अनुदान कार्यक्रमः**

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सुचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गर्ने।

(३) वडा कार्यालय तथा नगरपालिकाबाट प्रकाशित सूचना वमोजिम निवेदन पेश गरी छनौट भई आएका कृषक, कृषक समुह, फार्म तथा सहकारी र उद्यमी व्यवसायीलाई नगरपालिका सँग सम्झौता गराउने र कार्यादेश दिने।

(४) माछा पालन गर्ने कृषकले प्रति रोपनी मापदण्ड बमोजिमको सख्यामा राखेको हुनुपर्ने छ। पानी रहेको ठाँउ वा पोखरीलाई मात्र नाप/जाँच गरी क्षेत्रफल निकाल्नु पर्दछ।

(५) कृषकले काम गर्दा कृषि तथा पशुसेवा शाखामा कार्यरत कर्मचारीको निर्देशन वा परामर्श बमोजिम गर्नु पर्दछ।

(६) माछा पोखरी प्राविधिक डिजाईन अनुसार तयार गरेको हुनुपर्दछ।

(७) कृषि फर्म तथा समुह/सहकारी दर्ता भएको हुनुपर्ने छ।

(८) कृषकलाई प्रति रोपनी माछा पोखरीमा रु. २५,०००।– का दरले अनुदान दिइने छ।

(९) माछापालन व्यवसायीलाई प्राविधिकले तोककामको सम्पन्न भए पश्च्यात अनुगमन समितिवाट अनुगमन गरी विल भरपाई र प्राविधिक मूल्याङ्कनका आधारमा ५०% लागत साझेदारी हुने गरि रकम भुक्तानी उपलव्ध गराइने छ।

**ख. मौरीपालनका लागि अनुदान कार्यक्रमः**

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सुचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गर्ने।

(३) कम्तिमा ५ घार मौरी पाल्न चाहने कृषकले वडा कार्यालयमा निवेदन दिनु पर्दछ।

(४) सम्बन्धित वडा कार्यालयले निवेदन संकलन गरी वडा कार्यालयको सिफारिस सहित सबै निवेदन एकसाथ नगरपालिकाको कृषि शाखामा दर्ता गर्नु पर्ने छ अथवा कृषि शाखामा आएका निवेदनहरु आर्थिक विकास समितिको निर्णय अनुरुप दर्ता हुनेछ।।

(५) वडा कार्यालय वा नगरपालिकावाट प्रकाशित सूचना बमोजिम निवेदन पेश भइ छनौट भई आएका कृषक/कृषक/ समूहफार्म तथा सहकारीलाई गोला सहितका मौरीघार वा खाली मौरीघार ५० प्रतिशत अनुदानमा वितरण गर्न सकिने छ।

(६) कार्यालयले प्राप्त निवेदन र बजेटको मूल्याङ्कन गरी मौरीघार खरिद प्रक्रिया अगाडि बढाइ कृषकहरुलाई ५०% अनुदानमा घार उपलब्ध गराउने छ।

(७) कृषकले कृषि शाखाबाट प्राप्त परामर्श अनुसार काम गर्नुपर्दछ।

(८) काम सम्पन्न पश्चात प्रतिवेदन तयार गरी उक्त सप्लायर्सको खातामा रकम भुक्तानीको व्यवस्था मिलाइने छ।

**ग. नर्सरी निर्माण कार्यक्रमः**

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सुचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गर्ने।

(३) नर्सरी निर्माण कार्यक्रम अन्तर्गत विभिन्न जातका फलफूल, तरकारी, पुष्प,सजावट, डालेघाँस,जडिबुटी र वन पैदवारका विरुवाहरु उत्पादन गर्न सकिने छ।

(४) नर्सरी निर्माण/संचालन गर्न इच्छुक उद्यमी व्यवसायी, कृषि फार्म, समूह तथा सहकारीले निवेदन पेश गरी कार्यक्रम संचालन गर्दा पालिका संग सम्झौता गरी सम्झौता र कार्यादेश वमोजिम काम सम्पन्न गर्नुपर्ने छ।

(५) यस अलावा नगरपालिका स्वयम् आफैले विरुवा उत्पादनका निम्ति जग्गा भाडामा लिन वा किन्न सक्नेछ र सो स्थानमा कार्यालयले विभिन्न फलफूल तथा डालेघाँसका विरुवा, कफीका विरुवा लगायत अन्य विरुवा उत्पादनका निम्ति नर्सरी निर्माण/वगैँचा निर्माण तथा कृषि उत्पादन परिक्षण र अनुसन्धान समेत गर्न सक्ने छ। उक्त नर्सरी/वगैँचामा नगरपालिकाले हेरालु कामदार राख्न सक्ने छ र आर्थिक विकाश शाखावाट प्रस्ताव तयार गरि प्रमुख प्रशासकीय अधिकृत वाट स्विकृत गराइ प्रस्तावना वमोजिमको कार्यक्रम गर्न सक्नेछ।

(६) नर्सरी निर्माण तथा संचालन गर्दा आवश्यक सामग्रीहरु खरिदका निम्ति पेश्की रकम समेत दिन सकिने छ।

(७) यसरी उत्पादन गरिएका विरुवाहरुलाई कार्यालयले कार्यविधि र स्वीकृत प्रस्तावना बमोजिम कृषकहरुलाई वितरण गर्न सक्ने छ।

(८) नर्सरीवाट भएको आम्दानी रकमलाई नगरपालिकामा आम्दानीको रुपमा दाखिला गर्नुपर्ने छ।

## घ. अगुवा तथा व्यवसायिक कृषक परिचय पत्र वितरण कार्यक्रमः

मुसिकोट राजपत्र

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सुचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गर्ने।

(३) नगरपालिकाका कृषकहरुलाई लगत खडा गरी कृषक परिचय पत्र प्रदान गरीनेछ।

(४) निम्न कृषकलाई अगुवा कृषक मानि कृषक परिचय पत्र दिईनेछ।

(क) आधुनिक तरिकाले कम्तिमा २ रोपनी जग्गामा तरकारी खेती गर्ने।

(ख) ५ भन्दा बढी गाई/भैँसी पालन गरेको, दैनिक १५ लिटर भन्दा बढी दुध बेच्ने।

(ग) २० घार भन्दा बढी मौरी पालन गरेको।

(घ) कम्तिमा २ रोपनी जग्गामा एकै प्रकारको फलफूल खेती गर्ने।

(ङ) वार्षिक ३०० के.जि. भन्दा बढी माछा उत्पादन गर्ने ३ रोपनी भन्दा बढी जग्गामा माछा पालन गर्ने।

(च) बाख्रा पालक कृषकको हकमा कम्तिमा ३५ वटा माउ बाख्रा र बंगुर पालक कृषकको हकमा कम्तिमा ५ वटा माउ बंगुर पालेको हुनुपर्ने।

(छ) ५०० भन्दा बढी कुखुरा पाल्ने र १०० भन्दा वढि हाँस पाल्ने।

(ज) नगदे बाली विक्रि गरी वार्षिक रु. २ लाख भन्दा बढी आम्दानी गर्ने।

(झ) कृषि पेशा अवलम्बन गरी वार्षिक रु. २ लाख भन्दा बढी आम्दानी गर्ने।

(५) निम्न कृषकलाई व्यवसायिक कृषक मानि कृषक परिचय पत्र दिईनेछ।

(क) आधुनिक तरिकाले कम्तिमा ५ रोपनी जग्गामा तरकारी खेती गर्ने।

(ख) ८ भन्दा बढी गाई/भैँसी पालन गरेको, दैनिक २५ लिटर भन्दा बढी दुध बेच्ने।

(ग) ५० घार भन्दा बढी मौरी पालन गरेको।

(घ) ७ रोपनी जग्गामा एकै प्रकारको फलफूल खेती गर्ने।

(ङ) वार्षिक ७०० के.जि. भन्दा बढी माछा उत्पादन गर्ने५ रोपनी भन्दा बढी जग्गामा माछा पालन गर्ने।

(च) बाख्रा पालक कृषकको हकमा कम्तिमा ५० वटा माउ बाख्रा र बंगुर पालक कृषकको हकमा कम्तिमा ८ वटा माउ बंगुर पालेको हुनुपर्ने।

(छ) १००० भन्दा बढी कुखुरा पाल्ने र २०० भन्दा बढि हाँस पाल्ने।

(ज) नगदे बाली विक्रि गरी वार्षिक रु. ४ लाख भन्दा बढी आम्दानी गर्ने।

(झ) कृषि व्यवसाय गरी वार्षिक रु. ४ लाख भन्दा बढी आम्दानी गर्ने।

६) दफा (ट) को ४ र ५ को कुन क्षेत्रमा, कति उत्पादन र आम्दानी गरी अगुवा वा व्यवसायिक कृषक हो ठहर गरी वडा समितिको निर्णय बमोजिम छनौट कृषकहरुलाई वडा कार्यालयबाट नगरपालिकामा अगुवा वा व्यवसायिक कृषक परिचय पत्र दिनका लागि सिफारिस गर्नुपर्दछ।

७) वडा कार्यालय वाट प्रकृया पुरा गरी आएका छनौट कृषकहरुलाई पालिकाको आर्थिक विकाश शाखा वाट प्रस्ताव तयार गरी स्विकृत प्रस्ताव वमोजिम कृषक परिचय पत्र वितरण गरिने छ।

८) दफा (ट) को ४ र ५ मा उल्लेखित विवरण अनुसार मापदण्ड पुरा गरि छनौट भएर आएका  कृषकहरुलाई कृषक परिचय पत्र प्रदान गर्नुका साथै प्रविधि हस्तान्तरण पनि गर्न सकिने छ । यसका साथै बजेटको परिधिभित्र रहि उक्त कृषकहरुलाई अवलोकन भ्रमणमा समेत लैजान सकिनेछ। सो सम्बन्धि आवश्यक निर्णय आर्थिक विकास समितिले गर्नेछ ।सो कार्यक्रम संचालन गर्न पेश्की रकम पनि लिन सकिने छ।

**ङ. कृषि तालिम संचालनः**

(१) यस कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका कृषकहरुलाई विभिन्न किसिमका तालिमहरु जस्तै व्यवसायिक मौरीपालन तालिम, कफी खेती प्रविधि तालिम, व्यवसायिक तरकारी खेती तालिम, प्राङ्गारिक कृषि तालिम, व्यवसायिक फलफूल खेती तालिम, व्यवसायिक बाख्रापालन/कुखुरापालन/माछापालन तालिम, च्याउ खेती तालिम, आदि संचालन गर्न सकिने छ।

मुसिकोट राजपत्र

(२) उक्त तालिमहरुलाई आर्थिक विकाश शाखावाट प्रस्ताव तयार गरी प्रमुख प्रशासकीय अधिकृत वाट स्विकृत गराई तालिम संचालन गरिने छ।
(३) साथै आवश्यकता अनुरुप स्वीकृत प्रस्ताव वमोजिम कृषकहरुलाई तालिमका दौरान अनुदानमा प्रविधि समेत हस्तान्तरण गर्न सकिने छ।

**च. खाद्यान्न तथा तरकारीका बिउविजन वितरण कार्यक्रमः**

(१) कार्यक्रमको निवेदन पेशका लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।
(२) प्रथम पटक प्रकाशित सूचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गर्ने।
(३) वडा कार्यालय वा नगरपालिकाबाट प्रकाशित सूचना वमोजिम निवेदन पेश गरी छनौट भई आएका कृषक समुह, फार्म तथा सहकारीलाई ७५ प्रतिशत अनुदानमा खाद्यान्न वालीका बिउविजन वितरण गर्ने । तरकारी तथा मसलावालीका बिउविजनको हकमा चाहि ५० देखी ९० % अनुदानमा अथवा वजेटको परिधि भित्र रहि स्वीकृत प्रस्ताव बमोजिम निशुल्क रुपमा पनि वितरण गर्न सकिने छ।
(४) कार्यक्रम कार्यान्वयन गर्नको निम्ति आर्थिक बिकाश शाखावाट प्रस्ताव तयार गरी स्वीकृत प्रस्ताव बमोजिम खरिद प्रकृया अगाडि बढाइ बिउविजन खरिद गरी कृषकहरुलाई वितरण गर्ने।
(५) काम सम्पन्न पश्चात आर्थिक बिकाश शाखावाट प्रतिवेदन तयार गरी उक्त सप्लायर्सको खातामा रकम भुक्तानी गरिनेछ।

मुसिकोट राजपत्र

**छ. कृषि बाली संरक्षण कार्यक्रमः**

(१) यस कार्यक्रम अन्तर्गत नगरपालिका भित्रका कृषकहरुको खेतवारी तथा बगैँचामा बालीनालीमा विभिन्न समय खण्डमा देखिने विभिन्न किसिमका रोग तथा कीराहरुको प्रकोप नियन्त्रण तथा रोकथाम गर्नको निम्ति त्यसको सम्बेदनशिलतालाई मध्यनजर गरि सोहि अनुरुप कृषि शाखाबाट प्रस्ताव तयार गरी प्रमुख प्रशासकीय अधिकृत वाट प्रस्ताव स्विकृत गराई आवश्यक विषादीहरु खरिद गरी कृषक, कृषक समुह, फर्म तथा सहकारीलाई निशुल्क रुपमा उक्त विषादीहरु बितरण गरिने छ।

(२) नगरपालिकाले कफी वालीलाई विशेष प्राथमिकतामा राखे अनुरुप कफी बिरुवा संरक्षणको निम्ति निलोतुथो र चुन खरिद गरी निशुल्क रुपमा कृषकलाई बितरण गर्न सकिने छ।

(३) कार्यक्रम संचालनको लागि आवश्यकता अनुरुप पेश्की रकम लिएर पनि संचालन गर्न सकिने छ।

**ज. च्याउखेती प्रवर्द्धन कार्यक्रमः**

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सूचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गर्ने।

(३) वडा कार्यालय वा नगरपालिकाबाट प्रकाशित सूचना बमोजिम निवेदन पेश भइ छनौट भई आएका कृषक/कृषक समूह/फार्म तथा सहकारीलाई यस कार्यक्रम अन्तर्गत च्याउ प्लाष्टिक, च्याउको वीउ लगायत अन्य सामग्रीहरु ७५ देखि ९० प्रतिशत अनुदानमा वा स्वीकृत प्रस्ताव बमोजिम निशुल्क रुपमा वितरण गर्न सकिने छ।

(४) कृषक समूह/सहकारी तथा फर्म मार्फत कार्यक्रम कार्यान्वयन गर्दा सोही मापदण्डमा रही पालिका सँग सम्झौता गरी चालु तथा पुजिगतका कार्यहरु संचालन गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने छ।

**झ. कुखुरा प्रवर्द्धन/हास पालन कार्यक्रमः**

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सुचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गर्ने।

(३) वडा कार्यालयवाट प्रकाशित सूचना वमोजिम निवेदन पेश गरी छनौट भई आएका कृषक, कृषक समुह, र फार्म तथा सहकारीलाई नगरपालिका सँग सम्झौता गराउने र कार्यादेश दिने।

(४) ब्रोइलर/लेयर्स कुखुरा पालन गर्ने कृषकको हकमा कम्तिमा २०० वटा कुखुरा र स्थानिय कुखुरा पालनको हकमा कम्तिमा ५० वटा कुखुरा हाँस २५ वटा राखेको हुनुपर्ने छ।

(५) कृषकले काम गर्दा पशुसेवा शाखामा कार्यरत कर्मचारीको निर्देशन वा परामर्श बमोजिम गर्नु पर्दछ।

(६) खोर प्राविधिक डिजाईन अनुसार तयार गरेको हुनुपर्दछ।

(७) कृषि फर्म तथा समुह/सहकारी दर्ता भएको हुनुपर्ने छ।

(८) यस कार्यक्रमका निम्ति कृषकले ५० प्रतिशत लागत साझेदारी गर्नुपर्ने छ।

(९) काम सम्पन्न भए पश्च्यात अनुगमन समितिवाट अनुगमन गरी विल भरपाई र प्राविधिक मूल्याङ्कनका आधारमा रकम भुक्तानी उपलव्ध गराइने छ।

**ञ. बंगुरपालन कार्यक्रमः**

मुसिकोट राजपत्र

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सुचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सूचना प्रकाशन गर्ने।

(३) वडा कार्यालयवाट प्रकासित सुचना वमोजिम छनोट भई आएका कृषक, कृषक समुह, फार्म तथा सहकारीलाई नगरपालिका सँग सम्झौता गराउने र कार्यादेश दिने।

(४) कृषकले यस कार्यक्रममा समावेश हुनको निम्ति कम्तिमा ५ वटा माउ बंगुर पालेको हुनुपर्ने छ।

(५) खोर प्राविधिक डिजाईन अनुसार तयार गरेको हुनुपर्दछ।

(६) कृषि फर्म तथा समुह, सहकारी दर्ता भएको हुनुपर्ने छ।

(७) यस कार्यक्रमका निम्ति कृषकले ५० प्रतिशत लागत साझेदारी गर्नुपर्ने छ।

(८) यस कार्यक्रमका निम्ति दलित तथा गरिव वर्गका कृषकलाई छनौटको पहिलो प्राथमिकतामा राखिने छ।

(९) काम सम्पन्न भए पश्च्यात भुक्तानीका लागि पशुसेवा शाखामा आवश्यक कागजातहरु सहित

(१०) भुक्तानीका लागि अनुगमन समितिवाट अनुगमन गरी रकम भुक्तानी उपलव्ध गराइने छ।

## ट. माटो परीक्षण गरी माटो सुधारका लागि सामग्री/प्रविधि हस्तान्तरण कार्यक्रमः

यस कार्यक्रम संचालन विशेषत कृषि व्यवसाय खेती प्रविधिमा अधिक रासायनिक मल/विषादीको प्रयोग र त्यसको नकारात्मक प्रभावमा सुधार गर्न माटो जाँच, माटो सुधार र प्राङ्गारिक उत्पादनमा सहयोग पुग्ने गरी यो कार्यक्रम संचालन गरिने छ।

(१) यस कार्यक्रम अन्तर्गत माटो परीक्षणका निम्ति मिनी ल्याब संचालन गर्नका लागि आवश्यक उपकरण खरिद गरी मिनी ल्याब संचालन गर्न सकिनेछ।

(२) माटो सुधारका लागि ७५ प्रतिशत अनुदानमा आवश्यक सामग्रीहरु जस्तै जिंक, ढैचाको बीउ, कृषि चुन तथाजिप्समआदि वितरण गर्न सकिने छ।

(३) यस कार्यक्रमबाट माटो परिक्षण तथा माटो सुधारका निम्ति माटो शिविर, नविनतम तालिम तथा अभिमूखीकरण कार्यक्रम समेत संचालन गर्न सकिनेछ। यस प्रकारका कार्यक्रमहरुमा कृषकहरुले लागत सहभागिता व्यहोर्नु पर्ने छैन। तर समूह तथा कुनैसंस्थाले आयोजना गरेको भए समुहले तोकिएवमोजिम गर्नुपर्ने छ ।

(४) नियमित रुपमा माटो जाँच गर्नका लागि आवश्यक पर्ने विभिन्न सामग्रीहरु बढीमा ७५प्रतिशतसम्म अनुदानमा उपलब्ध गराइने छ।

(५) माटो जाँच गरेपछि कार्यालयले माटो जाँच रिपोट कार्ड वितरण गर्न सक्नेछ।

**ठ.बाँदर तथा अन्य वन्यजन्तु वा विपद/महामारी / प्रकोपबाट वाली -वस्तुमा क्षति भएमा राहत वा क्षतिपूर्ति वितरण कार्यक्रमः**

(१) नगरपालिका भित्रका कुनै पनि कृषकको बालीनालीमा न्यूनतम १ रोपनी भन्दा वढी क्षेत्रफलमा बाँदर लगायत अन्य वन्यजन्तुका कारणले क्षति हुन गएमा मूचुल्का टोलि/मूल्याङ्कन समितिको निर्णय, वडाको सिफारिस र नगर प्रमुखको तोक र क्षति पुस्ट्याँइ हुने आवश्यक कागजातको आधारमा आर्थिक सहयोग वा राहात उपलब्ध गराउन सकिने छ।

(२) उक्त वन्यजन्तुवाट कृषकको वाली-वस्तुमा क्षती भएको खण्डमा राहत तथा क्षतिपूर्ति स्वरुप आर्थिक सहयोग पाउनका निम्ति तपशिल अनुसारका प्रमाण खुल्ने आवश्यक कागजातहरु सहित नगरपालिकामा कृषकले निवेदन पेश गर्नुपर्ने छ।

(क) कृषकको निवेदन

(ख) वडा अध्यक्ष, वडा सदस्य, वडाको प्राविधिक कर्मचारी गरी न्यूनतम ७ जना व्यक्तिले क्षती भएको भनी प्रमाणित गर्ने साँदियार समेत रहेको सामुहिक दस्तखत सहितको मुचुल्का।

(ग) प्राविधिक प्रतिवेदन

(घ) कृषकको नागरिकताको फोटोकपी

(ङ) जग्गाधनिको लालपुर्जाको प्रतिलिपी। जग्गा भाडामा लिएको खण्डमा करार सम्झौता र यदि एकाघरका अरु व्यक्तिको नाममा जग्गा भएमा उसको मन्जुरीनामा।

(च) अनुगमन निरिक्षण कर्ता सहितको क्षतिको विवरण देखिने फोटाहरु

(छ) वडा कार्यालयको सिफरिस पत्र

(३) दफा २को ख र छ मध्ये कुनै कागजात नजुटेको आपतकालिन अवस्थामा आर्थिक विकास शाखावाट टिप्पणी सहित नगर प्रमुखको तोक अनुसार सम्वन्धित कृषकको नाममा वा एकाघरको मन्जुरीनामा सहित आएको कृषकको निवेदनका आधारमा कार्यालयले खाता मार्फत राहत क्षतिपूर्ति रकम उपलव्ध गराउन सकिने छ।

(४) यो कार्यक्रमलाई थप सहज तथा प्रभावकारी ढंगले लैजान बिमा कम्पनीहरु मार्फत पनि दोहोरोपन नपर्नेगरि बिमा गर्न/ गराउन / पहल गरिने छ।

**ड. आफ्नै गाँउ फर्की आँउ प्रोत्साहन तथा सम्मान कार्यक्रमः**

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सूचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सुचना प्रकाशन गर्ने।

(३) सुनौलो अवसर र भविस्यको सपना बोकि विदेशीनुभएका अथवा सहर पस्नु भएका वा बसाईसराई गर्नुभएका नगरपालिकाका नागरिकले त्यहाँ आर्जन गरेको सिप र पुजीलाई सदुपयोग गरी आफ्नै गाँउठाउ फर्कि लगानि गरी उद्यमी बनी

कुनैपनि किसिमको उद्यम संचालन गर्नुभएका अथवा गर्ने सोच बनाउनु भएका नागरिकलाई नगरपालिकाले प्रोत्साहन स्वरुप केहि प्रविधि हस्तान्तरण वा आर्थिक सहयोग गर्न सक्नेछ।

(४) कृषि, पर्यटन व्यवसाय तथा घरेलु उद्योग संचालन गरी नगरपालिका भित्र त्यस्ता वस्तुको उत्पादन बढाइ नगरपालिकाको पहिचान कायम गर्न मद्दत गर्ने त्यस्ता उद्यमीलाई हौसला दिन र अन्य अरु लगानिकर्तालाई समेत आकर्षण गर्न पालिकाले सम्मान स्वरुप पुरस्कृत गर्न सक्ने छ।

(५) उद्यमी छनौटका लागि तपशिल अनुसारको समितिको निर्णय र प्राविधिक प्रतिवेदन सहित आवश्यक कागजातका आधारमा आर्थिक विकाश शाखा वाट प्रस्ताव तयार गरी कार्यक्रम संचालन गरी उद्यमीलाई सम्मान तथा पुरष्कार प्रदान गरिने छ।

मुल्याङ्कन समिति

संयोजकः नगर प्रमुख

सदस्यः नगर उप प्रमुख

सदस्यः आर्थिक विकाश समिति संयोजक

सदस्यः कार्यपालिका महिला सदस्य

सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत

पुरस्कारको लागि बजेट सिमा

क) ठुला उद्योग संचालनः रु. ५०,०००।–

ख) साना उद्योग संचालनः रु. २५,०००।–

ग) आवास निर्माणः रु. २०,०००।–

घ) मन्दिर आश्रम निर्माणः रु. १०,०००।–

ङ) पर्यटन उद्योगः रु. २५,०००।–

च) ठूला कृषि फार्म संचालनः रु. ५०,०००।–

छ) मझौला कृषि फार्म संचालनः रु. २५,०००।–

मुसिकोट राजपत्र

आवश्यक कागजातहरु

१) उद्यमीको निवेदन
२) आर्थिक विकाश शाखावाट तयार गरिएको प्रस्ताव
३) मुल्याङ्कन समितिको निर्णय
४) प्राविधिक प्रतिवेदन
५) वडा कार्यालयको सिफरिस
६) फोटाहरु
७) कार्यक्रम सम्पन्न प्रतिवेदन
८) टिप्पणी

**ढ. परख्नोस् तपाँइको लागि हामी केही गर्दैछौँ अभियान कार्यक्रमः**

(१) कार्यक्रमको प्रस्तावना वा निवेदन पेशको लागि नगरपालिका तथा वडा कार्यालयवाट १५ दिने सूचना प्रकाशन गर्ने।

(२) प्रथम पटक प्रकाशित सुचना भित्र आवेदन पेश नभएमा कार्यालयवाट दोस्रो पटक ७ दिनको सुचना प्रकाशन गर्ने।

(३) मुसिकोट नगरपालिका भित्र उत्पादनमुलक घरेलु उद्योग, कृषि पर्यटन, जडिवुटी, वन पैदवार, स्थानिय उत्पादनमा आधारित जलश्रोत, प्राकृतिक श्रोतहरु, कृषिमा आधारित उद्योग स्थापना तथा कृषि फार्म संचालन गर्दा आवश्यक मेसिनरी उपकरण जडान लगायत आदि कुराहरुको निरिक्षण गरी प्राविधिक प्रतिवेदन र अनुगमन समितिको निर्णय र अन्य आवश्यक कागजातको आधारमा आधारित रही उक्त सामानको खरिद मुल्यको १५ प्रतिशत अनुदान रकम कार्यालयले उपलव्ध गराउन सक्ने छ। पालिका भित्रका उद्यमीलाई छनौट गर्दा सवैभन्दा ठुलो र दिगो हुनेगरी गरिएको लगानीकर्ता लाई प्राथमिकतामा राखी सोही बमोजिम अनुदानग्राही छनौट गरिने छ।

मुसिकोट राजपत्र

(५) अनुदान रकम लिने संस्था दर्तावाल हुनुपर्ने छ र अनुदान रकम अनुदान ग्राहीको खातामा भुक्तानी हुने छ।

मुल्याङ्कन समिति

संयोजकःनगर प्रमुख
सदस्यःनगर उप प्रमुख
सदस्यःआर्थिक विकाश समिति संयोजक
सदस्यःकार्यपालिका महिला सदस्य
सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजातहरु

१) व्यक्ति/संस्थाको निवेदन
२) मुल्याङ्कन समितिको निर्णय
३) प्राविधिक प्रतिवेदन
४) वडा कार्यालयको सिफारिस
५) फोटाहरु
६) समान खरिदको बिल भरपाई

**प्रमाणिकरण मिति**
२०७९।६।१५

**आज्ञाले,**
**विनोद कुँवर**
**प्रमुख प्रशासकीय अधिकृत**

**मुल्य रु २०**

मुसिकोट राजपत्र